संस्कार एफ.एम.
९५.६ मेघाहर्ज
२००० वाटको
साथमा

संस्कार बहस
प्रत्येक साताको
आइतबार, सोमबार,
मंगलवार , बुधवार
बिहान: ७:३० बजे
www.sanskarfm.com.np

Sanskar Khabar

जि.प्रशा.का.द.नं.:६६/२०७२/०७३
जि.हु.का.द.नं.:११/२०७२/२०७३

# संस्कार खबर

National Daily राष्ट्रिय दैनिक

संस्कार खबर राष्ट्रिय
दैनिकमा विज्ञापन, लेख,
रचना तथा प्रतिक्रियाका लागि
सम्पर्क
०५३-५५१८२८
०५३-५५१८७४
९८४५२१७४३८
९८४५१९४२३१
ई-मेल
sanskarkhabar@gmail.com

वर्ष ८ अंक३२४ २०८० भदौ ११ गते सोमबार Monday,28 Aug , 2023 मुल्य रू.५/-.पृष्ठ ४

## जनतालाई दुःख दिने र ढिलासुस्ती सह्य हुँदैन : उपप्रधानमन्त्री श्रेष्ठ




राष्ट्रिय समाचार समिति (रासस)

वीरगन्ज, १० भदौ : उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सेवा प्रवाहमा जनतालाई अनावश्यक दुःख दिने र ढिलासुस्ती गर्ने कार्य सरकारलाई सह्य नहुने स्पष्ट पार्नुभएको छ। जिल्ला प्रशासन कार्यालय पर्साको नवनिर्मित भवनको आइतबार उद्घाटन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले नियमित प्रक्रियाबाट हुनुपर्ने कामका लागि अहिले पनि जनताले 'सोर्सफोर्स' लगाउनुपर्ने, चाकरी गर्नुपर्ने र घुस दिनुपर्ने अवस्था रहेकाले अब यस्तो कार्य सह्य नहुने बताउनुभयो । मुलुकमा राजनीतिक परिवर्तन भए पनि सोको अनुभुति जनताले गर्न नपाएको उल्लेख गर्दै उहाँले जनतालाई परिवर्तनको अनुभूति हुने गरी काम गर्न कर्मचारीलाई निर्देशनसमेत दिनुभयो । संविधान र कानुनअनुसार नियमित प्रक्रियाबाट हुनुपर्ने काम सहज र सरलरुपमा जनतालाई उपलब्ध गराउन निर्देशन दिँदै उहाँले सार्वजनिक जग्गा गैरकानुनी रुपमा कब्जामा लिनेलाई सरकारले नछाड्ने स्पष्ट पार्नुभयो। भ्रष्टाचारका ठूलठूला काण्डको छानबिन सुरु गरी सरकारले थालेको सुशासनको अभियानमा सहयोग गर्न सबै पक्षसँग अपिल गर्दै उपप्रधानमन्त्री श्रेष्ठले विभिन्न बाधा, अवरोधका बाबजुद सरकारले भ्रष्टाचारका फाइलको छानबिन गरी निष्कर्षमा पुऱ्याएर दोषीलाई कानुनी दायरामा ल्याई छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सरकार सुशासन, समृद्धि र सामाजिक न्यायलाई मूलमन्त्र बनाएर अघि बढेको उल्लेख गर्दै उहाँले सामाजिक, आर्थिक रुपान्तरण गरी मुलुकलाई समृद्ध बनाउने र शान्ति प्रक्रियाका बाँकी कामलाई निष्कर्षमा पुऱ्याउनु सरकारको कार्यभार रहेको बताउनुभयो ।

मिटरब्याज पीडितलाई न्याय दिलाउने अभियान सुरु गरिएको चर्चा गर्दै उपप्रधानमन्त्री श्रेष्ठले कुनै कमिकमजोरी नगरी सबै पक्षको साथ लिएर मिटरव्याज पीडितलाई न्याय दिलाउन निर्देशनसमेत दिनुभयो। कार्यक्रममा वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वर्षौंदेखि अतिक्रमण भएको सार्वजनिक जग्गा खोज्ने र अतिक्रमण मुक्त बनाउने अभियान सुरु गरिएको बताउनुभयो । जिल्ला प्रशासन कार्यालय पर्साको नवनिर्मित भवन कुल रु छ करोड ५३ लाखको लागतमा निर्माण गरिएको हो । नवनिर्मित तीनतले भवनबाट गत वैशाखदेखि जिल्ला प्रशासन कार्यालयको कामकाज सञ्चालन हुँदै आएको छ ।

## धार्मिक सहिष्णुता कायम राख्न उपप्रधानमन्त्री श्रेष्ठको आग्रह

राष्ट्रिय समाचार समिति (रासस)

वीरगञ्ज, १० भदौ :

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जातीय तथा धार्मिक सहिष्णुता कायम राख्न सबैसँग आग्रह गर्नुभएको छ । प्रेस सेन्टर नेपाल पर्साले आइतबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृति विशेषतायुक्त नेपालको पहिचान भएकाले विधितासहितको एकतालाई कायम राख्न सबैसँग आग्रह गर्नुभयो । धर्म, संस्कृति र




परम्परा एकअर्काको आस्था, भावना तथा परम्पराप्रति सहिष्णुतासहित सामाजिक सद्भाव र राष्ट्रिय . . . . बाँकी पेज नं. ३ मा

## थाहा नगरापकिामा चलचित्र महोत्सव हुँदै

राष्ट्रिय समाचार समिति

मनहरी (मकवानपुर), १० भदौ : मकवानपरको थाहा नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि चलचित्र महोत्सव गरिने भएको छ। आगामी मङ्सिर ९ देखि १५ गतेसम्म आयोजना गरिने एकहप्ते महोत्सवमा नेपालका चर्चित कलाकार, निर्माता र निर्देशकको सहभागिता रहने महोत्सवका कार्यक्रम संयोजक प्रमोदकृष्ण जोशीले बताउनुभयो। थाहा कला केन्द्रको आयोजना तथा थाहा नगर पालिकाको समन्वय सहयोगमा आयोजना हुने महोत्सवमा सन्देशमूलक चलचित्र प्रदर्शन तथा नगरपालिका भित्रका पर्यटन क्षेत्रबारे जानकारी गराउने उद्देश्य रहेको नगरप्रमुख प्रमुख विष्णुबहादुर विष्टले जानकारी दिनुभयो । कार्यक्रममा नगरको पर्यटन प्रवर्द्धन . . . . बाँकी पेज नं. ३ मा

करैयामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

शिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(प्रकाशित मिति २०८०/०५/११)

यस कार्यालय अर्न्तगत अधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधी सप्लाई कार्य शिलबन्दी दरभाउपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक **औषधि सप्लायर्सबाट** निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

शर्तहरु:

१. दरभाउपत्र फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद अथवा यस गाउँपालकिाको नाममा रहेको कुमारी बैंक करैयामाई, मधुवन शाखामा रहेको आन्तरिक राजश्व खाता नं २६१०२४७२८७३००००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर साथ सप्लायर्सबाट चालू आ.व.को लागि नवीकरण भएको इजाजत, आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क.,आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिनेछ । रीतपुर्वक समय भित्र प्राप्त हुन आएको दरभाउपत्र सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. दरभाउपत्रको साथमा ठेक्काको लागि तपसीलमा उल्लेखित दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक करैयामाई, मधुवन शाखामा रहेको धरौटी खाता नं.२६१०२४७२८७३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममाजारी भएको १२० दिन म्याद भएको बैंक जमानत (बैंक ग्यारेन्टी) सक्कलै पेश गर्नु पर्ने छ ।
४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा बील अफ क्वान्टिटीस को प्रत्येक आईटमको प्रति गोटा/सेटको अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ ।
५. दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर लाग्ने औषधि/सामाग्रीको कैफियत (Remarks)मा VAT लाग्ने/नलाग्ने उल्लेख गर्नुपर्नेछ।
६. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र मोबाईल नम्बर, इमेल आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
७. दरभाउपत्र पेश गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।
८. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ ।
९ BOQ भर्दा प्रति गोटा/सेटको अंक र अक्षरमा भरी परिमाण अनुसार हुन आउने जोड जम्मा रकम अनिबार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
१०. अन्य शर्तहरु प्रचलित ऐन तथा नियमावली वमोजिम हुनेछ ।

तपसिल
ठेक्का विवरण

| सि. नं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु | दरभाउपत्र जमानत रकम | दरभाउपत्र फाराम दस्तुर रु. | ठेक्काको किसिम | सप्लाई स्थल |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | अधारभुत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधी सप्लाई काय | १४७४०००/- | ४४०००/- | १०००।- | दरभाउपत्र | करैयामाई गाउंपालिका, बारा |

प्रमुख प्रशासकिय अधिकृत